बुढीगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ४ प्रकाशन मिति : २०८२।०३।०९

## भाग -२

## बुढीगंगा गाउँपालिका

# विषयगत शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

# विषयगत शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०३/०८
स्थानीय राजपत्रमा प्रकाशन मितिः२०८२/०३/०९

**प्रस्तावनाः**

बुढीगंगा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा बिद्यार्थी संख्याका आधारमा नेपाल सरकारबाट उपलब्ध गराईएका शिक्षक दरबन्दी कम भएका, विषयगत शिक्षक दरबन्दी नभएका, प्रतिकक्षा कम्तीमा एक दरबन्दी नभएका अवस्थामा पठनपाठन सुचारु गर्न गाउँपालिकाको आन्तरिक स्रोतबाट उपलब्ध गराईने शिक्षण सहयोग अनुदान कोटामा विषयगत शिक्षक वयवस्थापन कार्यलाई व्यवस्थित गर्न बुढीगंगा गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम “विषयगत शिक्षक ब्यवस्थापन कार्यविधि २०८२” रहेको छ ।

(२) यो कार्यविधि प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा, बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा** : (१) “सामुदायिक बिद्यालय” भन्नाले बुढीगंगा गाउँपालिका भित्र सरकारी अनुदान पाउने गरी संचालित विद्यालय सम्झनु पर्दछ ।

(२) “गाउँपालिका” भन्नाले बुढीगंगा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(३) “शिक्षक दरबन्दी” भन्नाले सामुदायिक विद्यालयहरुमा उपलब्ध गराईएका शिक्षक दरबन्दी, राहत, अनुदान कोटा सम्झनु पर्दछ ।

(४) ‘गाउँ शिक्षा समिति” भन्नाले बुढीगंगा गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

(५) "विषयगत शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम छनौट भई सामुदायिक विद्यालयमा नियुक्ति हुने निम्नमाध्यामिक तह र माध्यामिक तहको शिक्षक सम्झनु पर्दछ ।

(६) " गाउँ सभा" भन्नाले बुढीगंगा गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(७) "शिक्षा शाखा" भन्नाले बुढीगंगा गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ ।

(८) " कार्यपालिका" भन्नाले बुढीगंगा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

३. **विषयगत शिक्षक कोटा उपलब्ध गराउने आधारहरु** : (१) विषयगत शिक्षक कोटा निम्न आधारमा उपलब्ध गरिनेछः

(क) शिक्षक विद्यार्थी अनुपात बढी भएको विद्यालय,

(ख) कक्षागत शिक्षक दरबन्दी नभएको विद्यालय,

(ग) कुनै तहमा विषयगत पर्याप्त दरबन्दी नभएका वा एक पनि दरबन्दी नभएका विद्यालय ।

(२) हरेक आर्थिक वर्षका लागि गाउँ सभाले विषयगत शिक्षकका लागि छुट्याइएको बजेटको आधारमा गाउँ शिक्षा समितिले हरेक वर्षका लागि विषयगत शिक्षक कोटा निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कोटा निर्धारण गर्दा उपदफा (१) को खण्ड (क), (ख) र (ग) का लागि छुट्टाछुट्टै कोटा निर्धारण गर्न सकिनेछ ।

४. **योग्यता**

(१) विषयगत शिक्षकमा उम्मेद्वार हुन देहाय बमोजिम न्युनतम योग्यता आवश्यक पर्नेछ ।

(क) आधारभूत तह (१-८) का लागि सम्बन्धित बिषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण ।

(ख) माध्यमिक तह (९-१०) का लागि सम्बन्धित बिषयमा स्नातक वा सो सरह उत्तीर्ण ।

(२) प्रचलित नेपालको कानुनले शिक्षकका लागि तोकेका योग्यता पुरा गरेको हुनुपर्नेछ ।

**५. विषयगत शिक्षकको बिषय**

(१) विषयगत शिक्षक विज्ञान, अंग्रेजी, र गणित बिषयमा मात्र नियुक्ति हुनेछन् ।

(२) उपदफा (१) मा उल्लेखित बिषय बाहेक अन्य बिषयमा विषयगत शिक्षक नियुक्ति गर्न गाउँपालिकाले पदपूर्ति अनुमति दिने छैन ।

**६) पदपूर्ति अनुमति र विज्ञापन**

(१) वियगत शिक्षकको कोटा प्राप्त भएपछि विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पदपूर्ति गर्न अनुमति माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयले पदपुर्ति माग गरेपछि गाउँपालिकाले तहगत वा विषयगत रुपमा अङ्ग्रेजी , गणित र विज्ञान मध्ये विषय दोहोरो नपर्ने गरी कुनै एक विषयमा पदपुर्ति गर्न अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त भएपछि विद्यालयले कम्तिमा १५(पन्ध्र) दिनको समय दिई विज्ञापन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम विज्ञापनमा दरखास्त दिने अन्तिम मिति र शैक्षिक योग्यता उल्लेख भएको हुनुपर्नेछ ।

(५) उम्मेदवारले निम्न कागजात सहित तोकिएको म्याद भित्र अनुसूची (१) बमोजिमको ढाँचामा विद्यालयमा निवेदन दिनुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) अध्यापन अनुमति पत्रको प्रतिलिपी ।

(घ) अन्य नेपालको प्रचलित कानुन बमोजिम ।

**(७) छनौट तथा नियुक्ति प्रकृयाः**

(१) गाउँपालिकाले यस कार्यविधिको दफा (३) बमोजिम विद्यालयहरुलाई विषयगत शिक्षक दरबन्दी उपलब्ध गराएपछि आवश्यक सङ्ख्यामा विज्ञापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन गर्नु पूर्व गाउँपालिकाको दरबन्दी पाएका विद्यालयहरुबाट आवश्यक विषयको विवरण संकलन गर्नुपर्नेछ ।

(३) विषयगत शिक्षकको नियुक्ति प्रक्रिया बुढीगंगा गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन,२०८० को दफा ३६ को १ को (घ) अनुसार गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट भएर सिफारिस भएका उम्मेद्वारलाइ सम्बन्धित विद्यालयले करार सम्झौता गरी करार नियुक्ति गर्नुपर्नेछ ।

(५) विषयगत शिक्षकको करार सम्झौता अनुसूची (२) बमोजिम हुनेछ ।

(६) उपदफा (४) बमोजिम छनौट भएका उम्मेद्वारले ३ (तीन) दिन भित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम हाजिर नभएमा वैकल्पिक उम्मेद्वारलाई करार नियुक्ति दिइनेछ ।

**९. विषयगत शिक्षकको काम ,कर्तव्यः** (१) विषयगत शिक्षकको काम कर्तव्य देहाय बमोजिम हुनेछः

(क) प्रशासनिक रुपमा विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रध्यानाध्यापक प्रति उत्तरदायी हुने र शैक्षिक रुपमा प्रध्यानाध्यापक प्रति उत्तरदायी हुनुपर्ने ।

(ख) विद्यालयद्वारा तोकिएको विषय र कक्षा अध्यापन गर्नु गराउनु ।

(ग) विद्यालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्नु ।

(घ) विद्यार्थीलाई सम्मानजनक र भेदभाव रहित व्यवहार गर्नु ।

(ङ) राजनैतिक व्यवहार र राजनैतिक आस्थाका आधारमा व्यवहार नगर्नु।

(च) राष्ट्रियता, राष्ट्रिय एकता , सामाजिक सद्भभावमा प्रतिकूल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न पाइनेछैन्।

(छ) प्रचलित ऐन, नियमले शिक्षकका लागि तोकेको आचारसंहिता पालना गर्नुपर्ने ।

**१०. पारिश्रमिक-**

(१) यस कार्यविधि बमोजिम नियुक्ति हुने विषयगत शिक्षकले बुढीगंगा गाउँपालिका गाउँसभाले पारित गरेको योजना, कार्यक्रम तथा बजेट बमोजिम पारिश्रमिक पाउनेछ ।

(२) बुढीगंगा गाउँपालिकाले विषयगत शिक्षकको पारिश्रमिकमा समय अनुसार परिवर्तन गर्न सक्नेछ ।

**११. विदाः**

(१) यो कार्यविधि बमोजिमका शिक्षकले अन्य शिक्षकले पाए सरह भैपरी र पर्व विदा तथा सुत्केरी विदा मात्र पाउनेछ ।

**१२. विषयगत शिक्षकको अवकाशः**

(१) विषयगत शिक्षकको अनुदान कोटा एक आर्थिक वर्षका लागि हुनेछ । अर्को आर्थिक वर्षका लागि विषयगत शिक्षकको कोटा निरन्तर उपलब्ध नभएमा शिक्षक स्वतः अवकाश हुनेछ ।

(२) अर्को आर्थिक वर्षका लागि गाउँपालिकाबाट विषयगत शिक्षकको कोटा निरन्तर भएमा विद्यालयले पुनः करार सम्झौता गरी निरन्तरता दिन सक्नेछ।

(३) उपदफा (२) मा जुन सुकै कुरा उल्लेख भए पनि विषयगत शिक्षकले सम्झौतामा उल्लेखित आधारहरु पालना नगरेमा पुनः करार सम्झौता गरी काममा लगाइने छैन ।

१३. **उजुरी-** (१) विषयगत शिक्षक दरबन्दी वितरण तथा विषयगत शिक्षक नियुक्ति प्रक्रियामा चित्त नबुझेमा ७ (सात) दिन भित्र गाउँपालिकामा उजुरी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीमा गाउँपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१४. **यस कार्यविधि बमोजिम हुने** — यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

## आवेदन फाराम

शिक्षक हुन दिने निवेदनको ढाँचा

श्री प्रध्यानाध्यापक ज्यू,

........................विद्यालय, बुढीगंगा-....... मोरङ ।

विषयः विषयगत शिक्षकमा नियुक्ति पाउँ ।

उपर्युक्त सम्बन्धमा त्यस विद्यालयको मिति २०८..../...../....... मा प्रकाशित सूचना अनुसार म विषयगत शिक्षक पदमा नियुक्तिको लागि तोकेको शर्त र प्रकृया पालना गर्न मञ्जुर छु भनी आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपीहरु, अध्यापन अनुमति पत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलपी यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु ।

निवेदकको विवरण

१. निवेदकको नाम थर-
२. बाबुको नाम-
३. आमाको नाम-
४. ठेगाना-
५. सम्पर्क फोन नं.-
६. शैक्षिक योग्यताको विवरण-

| क्र.स. | शैक्षिक योग्यता | उत्तीर्ण गरेको शैक्षिक संस्थाको नाम | प्राप्ताङ्क प्रतिशत/ GPA | मूल विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदकको दस्तखतः

मितिः..............................

अनुसूची-२

**करार सम्झौता फराम**

विषयगत शिक्षक करार सम्झौता

मोरङ जिल्ला बुढीगंगा गाउँपालिका अन्तर्गतको.....................विद्यालयका लागि .....................विषयको विषयगत शिक्षक करार गरी काम गराउने सम्बन्धमा ........................ विद्यालय (यस पछि प्रथम पक्ष भनिएको )तथा ............ जिल्ला ..................नगर/गाउँ पालिका वडा नं......... बस्ने श्री.................................. (जसलाई यस पछि दोस्रो पक्ष भनिएको) बिच २०......./......./............ गते सम्पन्न करार सम्झौता ।

(१) दोस्रो पक्षले प्रचलित शिक्षा ऐन र नियमावली तथा विषयगत शिक्षक व्यवस्थापन कार्यविधि, २०८२ अनुसार विषयगत शिक्षकको रुपमा काम गरी शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने ।

(२) दोस्रो पक्षले विद्यालय प्रशासनले तोके बमोजिमको विषय र कक्षाहरुमा अध्यापन गराउनुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा औषत उपलब्धी प्रति पूर्णरुपमा जवाफदेही रहने ।

(३) दोस्रो पक्षले विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रुपमा उपस्थित रहने र आवश्यकता अनुसार थप समय पनि प्रध्यानाध्यापकको निर्देशन अनुसार काम गर्नुपर्ने ।

(४) दोस्रो पक्षले विद्यालय सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहभागीता जनाउने ।

(५) दोस्रो पक्षले विद्यालयको हितको लागि प्रध्यानाध्यापकको निर्देशनमा अन्य कार्यहरु गर्ने र विद्यालयका प्र.अ. र वि. व्य.स. प्रति जवाफदेही हुनुपर्ने ।

(६) प्रथम पक्षले बुढीगंगा गाउँपालिका विषयगत शिक्षक व्यवस्थापन कार्यविधि २०८२, ले तोकेको सेवा सुविधा उपलब्ध गराउने ।

(७) विषयगत शिक्षक व्यवस्थापन कार्यविधि, २०८२ अनुसार कार्यसम्पादन नभएको वा आचार संहिता पालना नभएको पाइएमा प्रथम पक्षले आवश्यक सफाईको मौका दिई जुन सुकै बेला शिक्षकबाट हटाउन सक्नेछ ।

(८) यो करार सम्झौता मिति २०......../....../....... गते बाट मिति २०....../....../...... सम्म लागु हुनेछ ।

| दोस्रो पक्षः | प्रथम पक्षः |
|---|---|
| नामः.................................। | नामः...................................... |
| ठेगानाः.................................. | विद्यालयः................................ |

रोहबर

(१) नामः...................................

दस्तखतः.............................. मिति- २०......../....../.......